स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायक तथा मोडल दुर्गेश थापाले केही दिनअघि तीज गीत "बिच बिचमा २" ल्याए। गीत सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा उनको यो गीतभन्दा उनले हालै ल्याएको फिल्म "मास्टर्नी" को प्रवर्धन गीत युट्युबबाट हटाइएको कुराले चर्चा पायो। यो सन्दर्भमा पत्रकारसँग दुर्गेशको सवालजवाफ पनि भयो। पत्रकारले उनलाई उक्त प्रवर्धन गीत किन बनाएको र हटाएको भन्ने प्रश्नहरु वर्षाए। "मलाई कसैले पत्र काटेर गीत हटाउन भनेको होइन।

**आजको विचार...**



बसाइँसराइ... *(दुई पेजमा)*

शोभाकुमारी पौडेल



गायिका समीक्षा अधिकारीले आफ्नो नम्बर काम नपरेसम्म कसैलाई नदिन आग्रह गरेकी छन्। बिनाकाम फोन गरेर दुःख दिने गरेको भन्दै उनले आफ्नो नम्बर मागनबित्तिकै कसैलाई पनि नदिन उनको अनुरोध छ। करिब डेढ वर्षदेखि एउटै व्यक्तिले पटक-पटक फरक-फरक नम्बरबाट आफूलाई फोन गरेर दुःख दिइरहेको उनको भनाइ छ। "फोन उठाउँदा म रमेश शाही भन्नुहुन्छ, तर के कामले फोन गर्नु भएको ? भन्दा आफ्नो नामबाहेक कुनै स्पष्ट कुरा गर्नुहुन्न। एउटा नम्बर ब्लक गरेपछि अर्को नम्बरबाट फेरि उही कुरा दोहोरिन्छ,"

❒ वर्ष ३२ ❒ अंक ४४ ❒ २०८३ भदौ १४ गते आइतबार 30 August 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पालपाका नेवारी बस्तीमा निकालियो गाईजात्रा

कृष्ण पोखरेल

**पाल्पा,** भदौ १३ / तानसेनसहित पाल्पाका विभिन्न नेवारी बस्तीमा दिवंगत आफन्तको सम्झनामा परम्परागत गाईजात्रा निकालिएको छ । वर्षदिनभित्र मृत्यु भएका परिवारका सदस्यको सम्झनामा गाईजात्रा निकाल्ने परम्पराअनुसार तानसेन, हार्थोक, ताहुँ, भैरवस्थान, पेलावास, रिडीलगायतका क्षेत्रमा गाईजात्रा निकालिएको हो ।

विशेषगरी नेवार समुदायमा प्रचलित गाईजात्रा धार्मिक, सांस्कृतिक तथा सामाजिक महत्व बोकेको पर्वका रूपमा मनाइँदै आएको छ । पाल्पामा पनि नेवारी समुदायले आ-आफ्नो परम्परा र मान्यताअनुसार गाईजात्रा मनाउने गरेका छन् । कतिपय स्थानमा धार्मिक विधि र संस्कारलाई प्राथमिकता दिइन्छ भने कतिपय समुदायमा मनोरञ्जनलाई समेत जोड दिइएको पाइन्छ । विगतमा आधुनिक मनोरञ्जनका



साधन र प्रविधिको विकास नभएका बेला विभिन्न जात्रा तथा पर्व नै समुदायका प्रमुख मनोरञ्जनका माध्यम थिए । त्यसैले गाईजात्राले धार्मिक तथा सांस्कृतिक महत्वसँगै सामाजिक मनोरञ्जनको पक्षलाई समेत समेट्दै आएको संस्कृतिविद् निर्मल श्रेष्ठ बताउँछन् । श्रेष्ठका अनुसार गाईजात्रालाई वर्षभरिमा भएका मृत्युको गणना गर्ने दिनका रूपमा समेत लिने गरिन्छ । राजा प्रताप मल्लका छोराको निधनपछि शोकमा रहेकी रानीलाई अन्य मानिसका परिवारमा पनि मृत्यु हुने गरेको सम्झाउन तथा वर्षभरि मृत्यु भएकाहरूको सम्झना गराउने उद्देश्यले गाईजात्रा निकाल्ने परम्पराको सुरुवात भएको मान्यता छ । पछिल्लो समय नेवार समुदायको परम्पराको प्रभावमा अन्य समुदायले समेत गाईजात्रा मनाउन थालेका छन् । मृतकको घरबाट गाईजात्रा निकाल्दा दिवंगत आत्माले स्वर्गमा बास पाउने धार्मिक विश्वास रहेको छ । गाईजात्राको दिन यमलोकको ढोका खुल्ने र मृतकको आत्माले सहज रूपमा स्वर्ग जाने मान्यताका कारण जनैपूर्णिमाको भोलिपल्ट गाईजात्रा निकाल्ने परम्परा रहेको स्थानीयको भनाइ छ । तानसेनमा मृतकका परिवार तथा आफन्तले शनिबार विभिन्न धार्मिक तथा सांस्कृतिक झाँकीसहित गाईजात्रा निकालेका छन् । मानिसलाई राधाकृष्ण तथा विभिन्न देवीदेवताका रूपमा सिंगारेर सहभागी गराउने, निर्गुण भजन तथा कीर्तन गर्ने र मृतकको तस्बिरसहित नगर परिक्रमा गर्ने गरिएको छ ।

*(बाँकी अन्तिम पेजमा...)*

## संक्षिप्त समाचार

### भारतीय युवकको डुबेर मृत्यु

**पाल्पा,** भदौ १३/ जिल्लाको तिनाउ गाउँपालिका-३, स्थित तिनाउ खोलामा पौडी खेल्ने क्रममा एक भारतीय युवकको डुबेर मृत्यु भएको छ । भारतको उत्तर प्रदेश, सिद्धार्थनगरस्थित इटवा क्षेत्रबाट परिवारसहित घुम्न आएका २१ वर्षीय प्रभाष सोनी तिनाउ खोलामा पौडी खेल्ने क्रममा डुबेर शनिबार विहान बेपत्ता भएका जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायब उपरीक्षक भीमलाल भट्टराईले बताए ।

उनका अनुसार अचानक पानीको बहाव बढेपछि सोनी खोलामै डुबेर बेपत्ता भएका थिए । प्रहरी चौकी दोभानबाट खटिएको प्रहरी टोलीले बुटवलस्थित रुपन्देही प्रहरीसँग समन्वय गरी खोजी कार्य अघि बढाएको थियो । खोजतलासका क्रममा शनिबार दिउँसो रुपन्देहीको बुटवल उपमहानगरपालिका-१५, उज्जालापुरस्थित तिनाउ खोलामा उनको शव फेला परेको प्रहरी नायब उपरीक्षक भट्टराईले जानकारी दिए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

**जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# आज रोपाइँ जात्रा मनाइँदै

**पाल्पा,** भदौ १३ / पाल्पासहित नेवार समुदायको बाहुल्य भएका देशका विभिन्न भागमा आज रोपाइँ जात्रा मनाइँदै छ । गाईजात्राको भोलिपल्ट मनाइने यो जात्रामा परम्परागत पहिरनमा सजिएर मौलिक बाजाको तालमाधान रोपे जस्तै गरी नृत्य गर्ने चलन छ । अघि अघि गोरु, हली र बाउसे अनि पछि पछि रोपाहारले धान रोपेझैं अनिय गर्दै नाचिने यो नृत्यले रोपाइँको झल्को दिन्छ । रोपाँईजात्रा असारको महिना धानको रोपाइ गरी सके पछी मनाइन्छ । जात्रामा रोपाईंमा धान रोपेझैं गरी नाच्ने गाउने गरिन्छ ।



रोपाइ जात्रा मनाउन खेतालाहरू जम्मा भएर बाजा गाजाका साथ असारे गीत गाउँदै र नाँच्दै रमाईलो गर्दछन् । यो जात्रा मल्लकालबाट चलेको संस्कृतिविद् बताउँछन् । विशेषगरी नेवारी समुदायको बाक्लो बसोबास रहेका पाल्पाका तानसेनलगायतका क्षेत्रमा रोपाइँ जात्रा उत्साह र उल्लासका साथ मनाउने गरिन्छ । रोपाइँ जात्रा नेवार समुदायको कृषि संस्कृतिसँग प्रत्यक्ष रूपमा जोडिएको महत्वपूर्ण पर्व हो । खेतीपातीको काममा व्यस्त रहने किसानले रोपाइँ सकिएपछि केही समय मनोरञ्जन गर्दै सामूहिक रूपमा खुशीयाली साटासाट गर्ने परम्पराका रूपमा यो जात्रा मनाउँदै आएका छन् । खेतमा धान रोप्ने काम सम्पन्न भएको अवसरमा श्रम, मनोरञ्जन र सामुदायिक एकताको सन्देश दिने गरी जात्रा मनाउने गरिएको पाइन्छ । रोपाइँ जात्राका अवसरमा विभिन्न टोल तथा बस्तीबाट स्थानीय मौलिक भेषभूषामा सजिएका महिला तथा पुरुष सहभागी हुने गर्छन् । परम्परागत बाजागाजा बजाउँदै गीत गाउने, नाच्ने तथा विभिन्न सांस्कृतिक झाँकी प्रदर्शन गर्ने गरिन्छ । कतिपय स्थानमा धान रोपाइँको झल्को दिने गरी हिलो खेल्ने, खेतमा काम गर्दाको अभिनय गर्ने तथा व्यङ्ग्यात्मक प्रस्तुति देखाउने चलनसमेत रहेको छ । रोपाइँ जात्रा केवल मनोरञ्जनको पर्व मात्र नभई नेवार समुदायको कृषि जीवन, सामाजिक सम्बन्ध र सांस्कृतिक पहिचानसँग जोडिएको पर्वका रूपमा लिइन्छ । वर्षभरि खेतीपातीमा व्यस्त हुने कृषक तथा समुदायका सदस्यलाई आपसमा भेटघाट गर्ने, दुःख-सुख साट्ने र सामूहिक रूपमा रमाइलो गर्ने अवसरका रूपमा समेत यस पर्वलाई लिने गरिन्छ । पुरानो समयमा रोपाइँ जात्रा विशेषगरी खेतबारीमै केन्द्रित हुने गरेको भए पनि पछिल्लो समय यसको स्वरूपमा केही परिवर्तन आएको छ । शहर तथा बजार क्षेत्रमा बसोबास गर्ने नयाँ पुस्ताले समेत आृनो मौलिक संस्कृति र परम्परासँग जोडिन विभिन्न सांस्कृतिक गतिविधिमा सहभागिता जनाउन थालेका छन् । यसले पुस्तान्तरण हुँदै आएको रोपाइँ जात्राको परम्परालाई निरन्तरता दिन सहयोग पुगेको संस्कृतिविद्हरूको भनाइ छ । तानसेनमा नेवार समुदायको ऐतिहासिक तथा सांस्कृतिक उपस्थिति रहेकाले यहाँका विभिन्न टोलमा मनाइने जात्रा तथा पर्वको आफ्नै विशेषता रहेको छ । रोपाइँ जात्रामा पनि स्थानीय समुदायले आफ्नो टोलको मौलिकता झल्किने गरी कार्यक्रम गर्ने गरेका छन् । बाजागाजासहितको सांस्कृतिक प्रस्तुति, परम्परागत पहिरन र सामूहिक सहभागिताले जात्राको रौनक थप्ने गरेको छ ।

*(बाँकी अन्तिम पेजमा...)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बेपत्तालाई सम्झिने मात्र होइन, खोजौं

आज ३० अगस्ट अर्थात् विश्व बेपत्ता विरुद्धको दिवस नेपालसहित विश्वभर मनाइँदै छ । बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरुको सम्झनामा हरेक बर्ष आजकै दिन खयो दिवस मनाउने गरिन्छ । पहिलो पटक सन् १९८१ को जूनमा ल्याटिन अमेरिकी देश कोस्टारिकामा जबर्जस्ती बेपत्ता पारिएका व्यक्तिहरूको सम्झनामा यो दिवस मनाएको इतिहास छ । यो दिवस केवल बेपत्ता पारिएका व्यक्तिहरूलाई सम्झिने दिन मात्र होइन, उनीहरूको अवस्था सार्वजनिक गर्न, पीडित परिवारको न्यायको अधिकार सुनिश्चित गर्न र राज्यलाई आफ्नो दायित्वप्रति जिम्मेवार बनाउन खबरदारी गर्ने अवसर पनि हो । नेपालमा पनि सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका नागरिकको पीडा आजसम्म समाधान हुन सकेको छैन । अझ बेपत्ता बनाइएकाहरूको संख्या विश्वभर कति छ भन्ने यकीन तथ्याङ्क समेत छैन । तैपनि बेपत्ता पारिनेमा सर्वसाधारण नागरिक हुने भए पनि बेपत्ता पार्नेहरूमा भने मूलतः राज्य, विभिन्न उद्देश्यका विद्रोही पक्ष, आफ्ना मत र विचारमा सहमत नभएका तथा विभिन्न आपराधिक समूह लगायत हुने गर्छन् । यसरी जबर्जस्ती बेपत्ता पारिने घटना संसारभर कुनै न कुनै रूपमा भइरहेका छन् । नेपालमा पनि २०५२ सालमा तत्कालीन नेकपा (माओवादी)ले थालेको दशक लामो सशस्त्र संघर्षका समयमा सरकार र विद्रोहीका तर्फबाट हजारौं नागरिक जबर्जस्ती बेपत्ता पारिएका छन् ।

नेपालको दश वर्षे सशस्त्र द्वन्द्वले हजारौँ परिवारलाई प्रत्यक्ष रूपमा प्रभावित बनायो । हत्या, विस्थापन, यातना र बेपत्ताजस्ता घटनाले नेपाली समाजमा गहिरो घाउ छाडेका छन् । तीमध्ये आफ्ना आफन्तको अवस्था आजसम्म थाहा नपाएका परिवारको पीडा अझ गम्भीर छ । मृत्यु भएको हो वा जीवित छन् भन्ने यकिनसमेत गर्न नपाउनु आफैंमा एउटा निरन्तर यातना हो । बेपत्ता व्यक्तिका परिवारका लागि वर्षौं बिते पनि पीडा पुरानो हुँदैन । नेपालमा बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरुपणसँग सम्बन्धित आयोगहरू गठन भए पनि अपेक्षित परिणाम हासिल हुन सकेको छैन । आयोग गठन गर्नु मात्र पर्याप्त हुँदैन। पीडितको सत्य जान्ने अधिकार, न्याय पाउने अधिकार र उचित परिपूरणको अधिकार सुनिश्चित हुनुपर्छ । दोषीमाथि कानुनअनुसार कारबाही हुने वातावरण निर्माण हुनु पनि उत्तिकै आवश्यक छ । बेपत्ता नागरिकको खोजी, घटनाको निष्पक्ष छानबिन, सत्यको सार्वजनिकरण, पीडितलाई न्याय र परिवारलाई सम्मानजनक परिपूरण राज्यको प्राथमिक दायित्व बन्नुपर्छ । बेपत्ता पारिएका व्यक्तिहरू केवल तथ्यांक होइनन्, उनीहरू कसैका आमा-बुबा, छोरा-छोरी, श्रीमान श्रीमती र आफन्त हुन् । उनीहरूको सम्झना र परिवारको पीडालाई सम्मान गर्नु नै सभ्य र लोकतान्त्रिक समाजको पहिचान हो । तसर्थ दिवसका दिन बेपत्तालाई सम्झने मात्र होइन खोजी पनि गरौं ।

### Opinion @ Social Network

परीस्थीतीसग सामना गरेपछि मात्र थाहा पाए
मान्छेहरु त सिर्फ मुख्ले मात्रै आफ्ना रहेछन्
*(मिना ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/Mina.Dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बसाइँसराइले हराउँदै परम्परागत कृषि ज्ञान



शोभाकुमारी पौडेल

*कृषि उत्पादनको लागत पनि उल्लेख्य रूपमा बढेको छ। मजदुरी, मल, बीउ, विषादी, सिँचाइ, ढुवानी तथा कृषि उपकरणको खर्च दिनप्रतिदिन महँगो बन्दै गएको छ। पहिले परिवार र छिमेकीको सहयोगमा सहजै सम्पन्न हुने काम अहिले ज्याला तिरेर श्रमिक खोज्नुपर्ने अवस्था आएको छ।श्रमिक पाइहाले पनि समयमा नपाइने समस्या उत्तिकै ठूलो छ। यसले उत्पादनको लागत मात्र बढाएको छैन, किसानको मानसिक तनावसमेत बढाएको छ।त्यसमाथि बाँदर तथा अन्य वन्यजन्तुबाट बाली जोगाउनु किसानका लागि अर्को ठूलो चुनौती बनेको छ। महिनौँको मेहनत केही घण्टामै नष्ट हुने अवस्था किसानले दैनिक भोगिरहेका छन्। कतिपय ठाउँमा वन्यजन्तुको डरले किसानले खेती गर्नै छाडेका छन्। उत्पादनको जोखिम बढ्दै जाने तर त्यसअनुसार आम्दानी सुनिश्चित नहुने भएपछि कृषि पेसाप्रति किसानको उत्साह घट्नु स्वाभाविक पनि हो।*

तीन दशकपछि पुन: आफ्नै खेतबारीमा काम गर्न पस्दा बाल्यकालका अनेकौं सम्झनाहरू ताजा भए । माटो उही थियो, खेत उही थियो, खेतीप्रतिको आत्मीयता पनि उस्तै थियो, तर खेती गर्ने परिस्थिति भने पूर्ण रूपमा बदलिएको रहेछ । पहिले सहज लाग्ने कृषि कर्म आज अत्यन्त कठिन, खर्चिलो र श्रमसाध्य बनेको छ। आज नेपालको ग्रामीण क्षेत्रको सबैभन्दा ठूलो समस्या कृषि श्रमिकको अभाव हो। गाउँका अधिकांश युवा रोजगारी, शिक्षा र उज्ज्वल भविष्यको खोजीमा सहर तथा वैदेशिक रोजगारीतर्फ पलायन भएका छन् । एक समय गाउँमा प्रचलित अर्म( पर्म (आलोपालो श्रम आदान(प्रदान) को संस्कृति विस्तारै हराउँदै गएको छ। एकअर्काको खेतमा मिलेर काम गर्ने सामाजिक परम्परा कमजोर बन्दै जाँदा खेतीपाती सञ्चालन गर्न किसानलाई निकै कठिन भएको छ। आज गाउँमा सीमित जनशक्ति मात्र बाँकी छ। ज्येष्ठ नागरिक, महिला तथा केही किसानले मात्र कृषि पेसा धानिरहेका छन् । समयमा जोताइ, रोपाइँ, गोडमेल र कटानी गर्न आवश्यक श्रमिक नपाउँदा धेरै उब्जाउ जमिन बाँझै रहन थालेका छन् । किसानमा खेती गर्ने इच्छा हुँदाहुँदै पनि श्रमशक्ति अभावले कृषि उत्पादन घट्दै गएको छ।खेती गर्न सक्ने किसानले पनि अहिले धान, मकै वा गहुँजस्ता बढी श्रम लाग्ने बालीभन्दा यसैगरी बाँझो राख्नुभन्दा केरा, कागती, सुन्तला तथा अन्य बहुवर्षीय र तुलनात्मक रूपमा कम श्रम लाग्ने बालीतर्फ आकर्षित भइरहेका छन्।यो कृषि प्रणालीमा आएको परिवर्तन मात्र होइन, ग्रामीण समाजमा देखिएको संरचनात्मक रूपान्तरणको संकेत पनि हो।

यससँगै कृषि उत्पादनको लागत पनि उल्लेख्य रूपमा बढेको छ। मजदुरी, मल, बीउ, विषादी, सिँचाइ, ढुवानी तथा कृषि उपकरणको खर्च दिनप्रतिदिन महँगो बन्दै गएको छ। पहिले परिवार र छिमेकीको सहयोगमा सहजै सम्पन्न हुने काम अहिले ज्याला तिरेर श्रमिक खोज्नुपर्ने अवस्था आएको छ।श्रमिक पाइहाले पनि समयमा नपाइने समस्या उत्तिकै ठूलो छ। यसले उत्पादनको लागत मात्र बढाएको छैन, किसानको मानसिक तनावसमेत बढाएको छ।त्यसमाथि बाँदर तथा अन्य वन्यजन्तुबाट बाली जोगाउनु किसानका लागि अर्को ठूलो चुनौती बनेको छ। महिनौँको मेहनत केही घण्टामै नष्ट हुने अवस्था किसानले दैनिक भोगिरहेका छन्। कतिपय ठाउँमा वन्यजन्तुको डरले किसानले खेती गर्नै छाडेका छन्। उत्पादनको जोखिम बढ्दै जाने तर त्यसअनुसार आम्दानी सुनिश्चित नहुने भएपछि कृषि पेसाप्रति किसानको उत्साह घट्नु स्वाभाविक पनि हो।यी सबै समस्या वैदेशिक रोजगारी र बसाइँसराइका सामाजिक लागतका प्रत्यक्ष उदाहरण हुन्।वैदेशिक रोजगारीले विप्रेषणमार्फत परिवारको आय बढाएको छ, गरिबी न्यूनीकरणमा योगदान दिएको छ र जीवनस्तर सुधार्न सहयोग गरेको छ।घर निर्माण, बालबालिकाको शिक्षा, स्वास्थ्य उपचार तथा दैनिक जीवनका आवश्यकताहरू पूरा गर्न विप्रेषणले महत्वपूर्ण भूमिका खेलेको छ। तर यसको अर्को पाटो पनि उत्तिकै गम्भीर छ।युवाशक्ति गाउँबाट बाहिरिँदा कृषि उत्पादन घटेको छ, खेतीयोग्य जमिन बाँझो हुँदै गएको छ, परम्परागत कृषि ज्ञान हराउँदै गएको छ, सामाजिक सहकार्य कमजोर बनेको छ र खाद्यान्नमा देशको आयात निर्भरता बढ्दै गएको छ।गाउँबाट युवा बाहिरिँदा खेतमा काम गर्ने हात मात्र घटेका छैनन्, नयाँ सोच, ऊर्जा र नेतृत्व पनि गाउँबाट बाहिरिएको छ। यसले ग्रामीण समाजको जनसांख्यिक संरचनामै परिवर्तन ल्याइरहेको छ।गाउँमा पैसा त भित्रिएको छ, तर श्रम र उत्पादनको आधार भने कमजोर बन्दै गएको छ। विदेशमा रहेका परिवारका सदस्यले पठाएको विप्रेषणले घरखर्च धान्न सहज भए पनि त्यसले गाउँमै बसेर उत्पादन गर्ने र कृषि पेसामा जोडिने प्रवृत्ति घटाएको देखिन्छ।कतिपय परिवारमा विप्रेषणको रकम उत्पादनमूलक क्षेत्रमा लगानी हुनुभन्दा घर निर्माण, उपभोग तथा अन्य तत्कालीन आवश्यकतामा बढी खर्च हुने गरेको पाइन्छ।यसले ग्रामीण अर्थतन्त्रमा दीर्घकालीन उत्पादनको आधार निर्माण गर्न चुनौती थपेको छ । ग्रामीण समाजमा वृद्धवृद्धा एक्लिँदै गएका छन्, विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको छ, स्थानीय संस्कृति र सामुदायिक जीवन कमजोर बन्दै गएको छ । पहिले खेतीपातीसँगै जोडिएका धेरै सामाजिक गतिविधि अहिले हराउँदै गएका छन्। अर्म-पर्म, मेलापात, सामूहिक श्रम र चाडपर्वमा हुने सामुदायिक सहभागिताले गाउँको सामाजिक सम्बन्ध बलियो बनाउँथ्यो।युवा पुस्ताको निरन्तर पलायनसँगै यस्ता परम्परा कमजोर हुँदै जानु बसाइँसराइको आर्थिक भन्दा बाहिरको सामाजिक लागत पनि हो।कृषि पेसाप्रति नयाँ पुस्ताको आकर्षणसमेत घट्दै जानु चिन्ताको विषय हो। खेतीलाई कठिन, कम आम्दानी हुने र अनिश्चित पेसाका रूपमा हेर्ने प्रवृत्ति बढेको छ।अर्कोतर्फ, वैदेशिक रोजगारीलाई छिटो आम्दानी गर्ने माध्यमका रूपमा हेर्ने सामाजिक सोच बलियो बन्दै गएको छ। यसले कृषि पेसालाई पुस्तान्तरण गर्न झन् कठिन बनाइरहेको छ। कृषि ज्ञान र सीप एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण नहुँदा भविष्यमा यसको असर अझ गम्भीर हुन सक्छ।नेपालको अर्थतन्त्रमा कृषि क्षेत्र अझै पनि खाद्य सुरक्षा, रोजगारी र ग्रामीण विकासको प्रमुख आधार हो।तर कृषि क्षेत्रमा श्रमिक अभाव, उत्पादन लागत वृद्धि, बजार व्यवस्थापनको कमजोरी, वन्यजन्तुबाट हुने क्षति तथा आधुनिक प्रविधिको सीमित प्रयोगका कारण किसान निरुत्साहित भइरहेका छन्। उत्पादन गरेपछि उचित मूल्य नपाउने, बजारसम्म पुर्‍याउन कठिन हुने र बिचौलियाको प्रभाव रहने समस्याले पनि किसानलाई थप निराश बनाएको छ।यस चुनौतीको समाधानका लागि सरकारले कृषि यान्त्रीकरण, आधुनिक प्रविधिको विस्तार, सिँचाइ सुविधा, कृषि बीमा, सहज बजार पहुँच, युवा लक्षित कृषि उद्यम, मूल्य सुनिश्चितता तथा व्यावसायिक कृषिलाई प्रोत्साहन गर्ने प्रभावकारी नीति अवलम्बन गर्न आवश्यक छ।साना किसानका लागि सहुलियतपूर्ण ऋृण, कृषि उपकरणमा पहुँच र स्थानीय तहमा प्राविधिक सहयोग पनि उत्तिकै आवश्यक छ। खेतीलाई केवल जीविकोपार्जनको माध्यमका रूपमा होइन, सम्मानजनक र आम्दानीमूलक व्यवसायका रूपमा विकास गर्न सके मात्र नयाँ पुस्तालाई कृषितर्फ आकर्षित गर्न सकिन्छ।साथै नेपालमै सम्मानजनक रोजगारी सिर्जना गरी वैदेशिक रोजगारीलाई बाध्यता होइन, विकल्प बनाउने वातावरण निर्माण गर्नु समयको आवश्यकता हो। विदेश जान चाहनेलाई रोक्ने होइन, स्वदेशमै काम गर्ने चाहना राख्नेलाई अवसर सिर्जना गर्ने नीति आवश्यक छ। कृषि, पर्यटन, साना तथा मझौला उद्योग र स्थानीय उद्यममार्फत गाउँमै रोजगारी सिर्जना गर्न सकिएमा बसाइँसराइको दबाब पनि केही हदसम्म कम गर्न सकिन्छ।वैदेशिक रोजगारीले आर्थिक लाभ दिएको यथार्थलाई अस्वीकार गर्न सकिँदैन। तर त्यसले सिर्जना गरेका सामाजिक लागतहरू, विशेषगरी कृषि क्षेत्रको कमजोर अवस्था, ग्रामीण जनशक्तिको अभाव, बाँझो जमिनको विस्तार र सामाजिक संरचनामा आएको परिवर्तनलाई पनि समान रूपमा नीतिगत बहसको केन्द्रमा ल्याउनुपर्छ।विप्रेषणलाई केवल उपभोगमा सीमित नराखी उत्पादन, कृषि तथा स्थानीय उद्यममा लगानी गर्ने वातावरण बनाउन सके वैदेशिक रोजगारीबाट प्राप्त आर्थिक लाभलाई दीर्घकालीन विकाससँग जोड्न सकिन्छ। अन्तत: वैदेशिक रोजगारी आफैँमा समस्या होइन। समस्या तब सुरु हुन्छ, जब देशको उत्पादनशील जनशक्ति निरन्तर बाहिरिन्छ र त्यसको विकल्पमा स्वदेशमा उत्पादन, रोजगारी र सामाजिक संरचना बलियो बनाउने आधार तयार हुँदैन।त्यसैले बसाइँसराइलाई केवल रोजगारी वा विप्रेषणको दृष्टिले मात्र हेर्नु पर्याप्त हुँदैन। यसका आर्थिक, सामाजिक, सांस्कृतिक र कृषि क्षेत्रमा पर्ने दीर्घकालीन प्रभावलाई पनि सँगसँगै हेर्नुपर्छ।यदि आजै कृषि क्षेत्रलाई पुनर्जीवित गर्ने दीर्घकालीन योजना बनाइएन भने भोलिका दिनमा हामीले केवल उब्जाउ जमिन मात्र होइन, हाम्रो कृषि संस्कृति, गाउँको जीवनशैली र खाद्य आत्मनिर्भरताको आधारसमेत गुमाउने जोखिम बढ्नेछ।गाउँमा खेत बाँझो हुनु केवल एउटा जमिनको उत्पादन रोकिएजस्तो देखिए पनि त्यससँगै एउटा परिवारको सीप, एउटा पुस्ताको ज्ञान र एउटा समुदायको जीवनशैलीसमेत हराउँदै गएको हुन सक्छ।त्यसैले अबको बहस वैदेशिक रोजगारीबाट कति विप्रेषण भित्रियो भन्नेमा मात्र सीमित हुनु हुँदैन। कति श्रम बाहिरियो, कति जमिन बाँझियो, कति कृषि ज्ञान हरायो र गाउँको सामाजिक जीवनमा कस्तो परिवर्तन आयो भन्ने प्रश्न पनि सँगसँगै उठाउनुपर्छ। आर्थिक लाभसँगै सामाजिक लागतको पनि हिसाब राख्ने समय आएको छ।- ***अनलाईन खबर डटकम***

***(लेखिका समाजशास्त्रअन्तर्गत वैदेशिक रोजगारीको सामाजिक प्रभावसम्बन्धी विणयमा विद्यावारिधि गरिरहेकी छिन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :नयाँ अवसरको लाभ लिन सक्नुहुनेछ।मेहनतले समस्याहरू सुल्झिनेछन् । | **तुला**:सहयोगले मन प्रफुल्लित रहनेछ । धार्मिक कार्यक्रमहरूमा सहभागी हुनुपर्ला। |
| **वृष** : बोलिको माध्यमले कार्य सिद्ध हुनेछन्। विचारको सम्मान हुनेछ। | **वृश्चिक** : अनावश्यक शंका नगर्नुहोस् । स्वास्थ्यलाई लिएर सचेत रहनुहोस् । |
| **मिथुन** : मेलमिलापको वातावरण बन्नेछ । समाजमा मानसम्मान पाइएला। | **धनु** : आश्वासन दिनेहरूले झुक्याउन सक्नेछन् । हतारमा नयाँ कार्य नगर्नुहोला। |
| **कर्कट** : गोप्य योजनाहरू सफल बन्नेछन् । सन्तानबाट शुभ समाचार पाइनेछ । | **मकर** : मन प्रशन्न रहनेछ । समाजमा नयाँ जिम्मेवारी मिल्नेछ । |
| **सिंह** : कार्यक्षेत्रमा नयाँ जिम्मेबारी थपिनेछ । यात्रा लाभदायी रहनेछ । | **कुम्भ**: राजनीतिकमा नयाँ जिम्मेवारी मिल्नेछ । मनमा प्रेम र विश्वासको सिर्जना हुनेछ । |
| **कन्या** : समयमा कार्य सम्पादन हुनेछ । रोकिएका कार्य प्रारम्भ हुनेछन् । | **मीन** : यात्रा गर्दा सजगता अपनाउनुहोस् । आफ्नो कार्य अरुमाथि नछोड्नुहोला। |

# कृषि

## चिया बगानमा 'लुफरको लस्कर', किसानको बिचल्ली

**विराटनगर**, यतिबेला सबैतिर हरियाली छ । तर, झापाको भक्तपुर १ स्थित पृथ्वीनगर क्षेत्रको चिया बगान भने भयानक डढेलो लागेको जस्तो छ ।दूरदराजसम्म फैलिएका चियाका बगानहरूमा अहिले एउटै पनि हरियो पात बाँकी छैन । आँखैअगाडि उभिएका चियाका बोटहरू पातविहीन भएर नाङ्गा, काला र सुकेका सिक्राजस्तै बनेका छन् । यस्तो हुनुको कारण 'लुफर क्याटरपिलर' किराको प्रकोप हो । झापाका धेरै चिया किसानहरू अहिले यो किराको प्रकोपबाट पीडित बनेका छन् । बोटका हरिया मुना, कलिला पात, पुराना पात मात्र होइन, बोक्रासमेत किराले छाला काढेझैँ खाएर चियाका बोटलाई झिक्राजस्तै बनाइदिएको छ ।

चियाको उत्पादन करिब-करिब शून्यमा झरेपछि वर्षौंदेखि पसिना बगाएर परिवार पाल्दै आएका साना किसानहरू आफ्नो भविष्यलाई लिएर निराश बनेका छन् । भक्तपुर-१ का ६५ वर्षीय स्थानीय किसान डिल्लीराम खनालले २०६२ सालमा अन्नबाली हुने जमिनमा पानीको अभाव र उत्पादकत्व घटेपछि उनले कोदो र मकै खेती छाडेर चियाका बिरुवा रोपेका थिए । चिया खेतीबाटै परिवारको लालनपालन र छोराछोरीको शिक्षादीक्षा गर्दै आएका खनाल अहिले बगानको दुर्दशा देखेर निराश छन् । 'मैले ६२ सालमा दुःख गरेर बीउ रोपेर यो खेती सुरु गरेको थिएँ । अहिले बगानमा पस्दा हरियाली होइन, पात नभएका सुकेका सिक्रा रूखैभरि र भुइँभरि लुफर किरामात्रै देखिन्छ । यसपालि त किराले बोटै खाएर सकिदियो,' उनले भने, 'अब त चिया बगानमा पस्नै डर लाग्ने भयो । हाम्रो रोजीरोटी नै खोसियो ।'

चिया बगानमा किराको प्रकोप विगत दुई-तीन वर्षदेखि अलि-अलि देखिँदै आएको भए पनि यस वर्ष यसले महामारीकै रूप लिएको हो । साना किसान कृषि सहकारी संस्थाका प्रबन्धकसमेत रहेका स्थानीय देवप्रसाद कोइरालाका अनुसार सामान्य अवस्थामा चियाको बगानबाट हरेक १५-१५ दिनमा नियमित रूपमा मुना टिपिने गरिन्थ्यो ।एक मौसममा कम्तीमा चार पटकसम्म चिया टिपिने गरेकोमा अहिले किराले बोटलाई नाङ्गो सिक्रा बनाइदिएपछि एक पटक पनि मज्जाले टिप्न पाइएको छैन ।खेतीपाती नष्ट भएपछि त्यसको सोझो असर स्थानीय चिया प्रशोधन कारखानाहरूमा परेको छ । किसानहरूले हरियो पत्ती ल्याउन छाडेपछि करोडौँको लगानीमा सञ्चालित प्रशोधन उद्योगहरू बन्द हुने संघारमा पुगेका छन् । साना किसान चिया प्रशोधन उद्योगका पूर्वअध्यक्ष चन्द्र तामाङले यो प्रकोपलाई किसान र उद्योग दुवैलाई सिध्याउने महामारीको रूपमा व्याख्या गरे ।'हाम्रो बगानको उत्पादन अहिले २५ प्रतिशतमा झरेको छ, अर्थात् ७५ प्रतिशतभन्दा बढी उत्पादन पूर्ण रूपमा ह्रास भइसकेको छ । चिया बेचेर आएको २५ प्रतिशत पैसाले किरा मार्ने विषादी किन्न पनि पुग्दैन । औषधी छर्दा-छर्दा किसानहरू उल्टै ऋणमा डुबिसके, तर किरा झन् झन् बढेर गयो,' उनले भने ।पटक-पटक औषधि प्रयोग गर्दा पनि किराहरू नमरेको र उनीहरूमा विषादीविरुद्ध लड्ने प्रतिरोध क्षमता विकास भइसकेकाले सामान्य उपायबाट यसको नियन्त्रण असम्भव भइसकेको कोइराला बताउँछन् ।

**उत्पादनमा ७५ प्रतिशत गिरावट र उद्योगमा संकट**

साना किसान कृषि सहकारी संस्थाका संस्थापक तथा लेखा सुपरिवेक्षण समितिका संयोजक शिवकुमार राजभण्डारीको अनुभवमा यो संकट किसानका लागि ठूलो भएको छ । सुकुमबासी र सिँचाइ सुविधा नभएका अतिविपन्न परिवारहरूलाई विस्थापित हुनबाट जोगाउन वर्षौंअघि चिया खेती भित्र्याइएको प्रसङ्ग उल्लेख गर्दै राजभण्डारीले भने, 'हामीले यहाँका २१६ घरपरिवार सुकुमबासी र साना किसानहरू विस्थापित नहुन् भनेर ५-१० का जमिनमा चिया लगाउन प्रोत्साहन गरेका थियौँ । उनीहरूले चियाकै हरियो पत्ती बेचेरै छोराछोरी पढाएँ, घरमा चुल्हो बाले र थोरै भए पनि बचत गरेँ । तर आज किराले चियाका बोटलाई पातविहीन सिक्रा बनाएर मारेपछि ती साना किसानको घरमा चुल्हो नै नबल्ने स्थिति आएको छ ।'

एकातिर घरको चुल्हो बन्द भयो । अर्कातिर चिया बगान सखाप भएपछि किसानले बैंक र सहकारीको ऋण कसरी तिर्ने भन्ने प्रश्न गर्न थालेको उनले बताए । यो समस्या भक्तपुरमा मात्र सीमित नरहेर समग्र झापाभरिकै साना चिया किसानहरूमा फैलँदै गएको छ ।खेतीपाती नष्ट भएपछि त्यसको सोझो असर स्थानीय चिया प्रशोधन कारखानाहरूमा परेको छ । किसानहरूले हरियो पत्ती ल्याउन छाडेपछि करोडौँको लगानीमा सञ्चालित प्रशोधन उद्योगहरू बन्द हुने संघारमा पुगेका छन् । साना किसान चिया प्रशोधन उद्योगका पूर्वअध्यक्ष चन्द्र तामाङले यो प्रकोपलाई किसान र उद्योग दुवैलाई सिध्याउने महामारीको रूपमा व्याख्या गरे ।'विगतका वर्षहरूमा हाम्रो कारखानामा सिजनमा २० देखि २५ लाख किलोसम्म हरियो पत्ती आउँथ्यो र दिनरात मेसिन चलेर चिया प्रशोधन हुन्थ्यो । तर अहिले त्यो घटेर १० लाख किलो पनि आउन छोडेको छ,' तामाङले भने, 'योपालि त किसानले हारे, लुफर किराले जित्यो । त्याक्ट्रीमा हरियो पत्ती नै नआएपछि काम गर्ने मजदुरलाई ज्याला दिन र मेसिन चलाउनसमेत नसकिने अवस्था आयो ।'कारखानामा हरियो पत्ती घटेपछि त्यहाँ कार्यरत २० देखि २५ जना मजदुरहरूको रोजगारीसमेत संकटमा परेको उनले बताए । उद्योग चलाउन न्यूनतम चाहिने कच्चा पदार्थ नै अपुग भएपछि कारखाना सञ्चालकहरूले मजदुर कटौटी गर्नुपर्ने वा कारखाना नै पूर्ण रूपमा बन्द गर्नुपर्ने बाध्यकारी स्थिति आएको तामाङ बताउँछन् । हरियो पत्तीको गुणस्तर खस्किएका कारण तयारी चियाको बजार मूल्यमा समेत भारी गिरावट आएको छ । जसले गर्दा उत्पादन लागत बढेको र बिक्री मूल्य पनि घटेर उद्योगहरू दोहोरो घाटामा चलिरहेको तामाङले बताए ।

**राहतका लागि सरकारसँग गुहार र प्राविधिक जटिलता**

साना किसान कृषि सहकारी संस्था लि, पृथ्वीनगरकी अध्यक्ष इन्दीरा रेग्मीका अनुसार भक्तपुर-१ र वरपरका क्षेत्रमा सहकारीमा आबद्ध २६ सय घरपरिवारमध्ये २५० भन्दा बढी साना किसानहरूको ३ सय बिघाभन्दा बढी क्षेत्रफलमा लगाइएको चिया खेती पूर्ण रूपमा सखाप भएको छ ।सरकार र सरोकारवाला निकायसमक्ष गुहार माग्न प्रादेशिक राजधानी विराटनगरसम्म किसानहरूको तर्फबाट टोली आइपुगेको छ । 'किसानहरूले आफ्नो तर्फबाट गर्न सक्ने सबै प्रयास गरे । उनीहरूले आफ्नो क्षमताले भ्याएसम्मको विषादी छरे, बत्तीको पासो (लाइट ट्र्याप) थापे, तर किरा नियन्त्रणबाहिर गयो,' रेग्मीले भनिन्, 'चियाको मुना नै किराले खाइदिएपछि अब किसानसँग केही बाँकी रहेन । उनीहरूको रोजीरोटी नै पूर्ण रूपमा बन्द भएपछि र उनीहरू आर्थिक रूपमा पछाडि ढलेपछि हामी सहयोग, प्राविधिक परामर्श र राहतका लागि सरकारसमक्ष आउन बाध्य भएका हौँ ।'स्थानीय सरकार र विषयगत सरकारी निकायहरूले पनि समस्याको गम्भीरतालाई स्वीकार गर्दै प्रदेश सरकारलाई गुहारेका छन् । भक्तपुर नगरपालिका वडा नं. १ को कार्यालयले कोशी प्रदेश सरकारको उद्योग, कृषि तथा सहकारी मन्त्रालयलाई औपचारिक पत्र पठाउँदै स्थिति नियन्त्रणबाहिर गएको जनाएको छ । 'यस वडामा रहेका साना किसान कृषि सहकारी संस्थामा आबद्ध किसान सदस्यहरूको एकमात्र जीविकोपार्जनको स्रोत चिया खेतीमा लुफर जातको किरा लागि चिया उत्पादनमा व्यापक ह्रास आई चियाको बोट मर्न थालेकाले दैनिक जीवन गुजारा गर्न अत्यन्त कठिनाइ भएको छ । अतः त्यहाँ मन्त्रालयबाट विशेष विषादी, प्राविधिक सहयोग तथा आर्थिक राहत उपलब्ध गराइदिनुहुन अनुरोध छ,' वडा अध्यक्ष रामप्रसाद अधिकारीले पठाएको पत्रमा उल्लेख छ । प्राविधिकहरूका अनुसार लुफर क्याटरपिलर चिया बालीमा लाग्ने सबैभन्दा विनाशकारी कीरा मानिन्छ । यसको पोथी पुतलीले चिया बगानका छहारी रूखहरूमा हजारौँको संख्यामा अण्डा पार्छ र त्यसबाट निस्किएका लार्भाहरू रेशमी धागोको मद्दतले झुण्डिएर चियाका बोटहरूमा खस्छन् । त्यसैगरी, राष्ट्रिय चिया तथा कफी विकास बोर्डको क्षेत्रीय कार्यालय बिर्तामोडका निमित्त क्षेत्रीय निर्देशक इन्द्रप्रसाद अधिकारीले पनि प्रदेश सरकारलाई पत्राचार गर्दै उच्चस्तरीय प्राविधिक टोली र कीट नियन्त्रण कार्यक्रमको माग गरेका छन् । पत्रमा भक्तपुर क्षेत्रका चिया बगानमा लुफर क्याटरपिलरको प्रकोपले चियाको उत्पादन र गुणस्तरमा उल्लेख्य ह्रास आएको र समयमै नियन्त्रण गर्न नसके समग्र चियाका बोटहरू नै पूर्ण रूपमा नष्ट हुने जोखिम रहेकाले तत्काल प्राविधिक र आर्थिक व्यवस्थापन गर्न आग्रह गरिएको छ । यता, साना किसान चिया प्रशोधन कारखानाको हालै तोयानाथ अधिकारीको अध्यक्षतामा बसेको सञ्चालक समितिको बैठकले पनि लुफर किराको महामारीका कारण चिया बगान सखाप भएको निष्कर्ष निकाल्दै स्थानीय र प्रदेश सरकारको सहयोग माग्ने निर्णय गरेको छ । चिया किसानहरूको उठिबास हुने स्थिति आएको भन्दै राहत, क्षतिपूर्ति र प्राविधिक सहयोगका लागि स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारका निकायहरूमा माग गर्ने उनीहरूको निर्णय छ । प्राविधिकहरूका अनुसार लुफर क्याटरपिलर चिया बालीमा लाग्ने सबैभन्दा विनाशकारी कीरा मानिन्छ । यसको पोथी पुतलीले चिया बगानका छहारी रूखहरूमा हजारौँको संख्यामा अण्डा पार्छ र त्यसबाट निस्किएका लार्भाहरू रेशमी धागोको मद्दतले झुण्डिएर चियाका बोटहरूमा खस्छन् । यी लार्भाहरूले रातारात चियाका कलिला मुना र पातहरू खाएर बोटलाई नाङ्गो सिक्रा बनाउँछन् । वातावरणमा आएको परिवर्तन, अत्यधिक र अव्यवस्थित रूपमा विषादीको प्रयोग गर्दा मित्रजीव (किरा खाने चरा र अन्य किराहरू) लोप हुनु र तापक्रम वृद्धि हुनुका कारण लुफर किराको वंशवृद्धि तीव्र गतिमा भएको विज्ञहरूको भनाइ छ । निरन्तर एउटै प्रकृतिको रासायनिक विषादी प्रयोग गर्नाले यो किरामा विषादी पचाउन सक्ने क्षमता विकास भइसकेकाले अब परम्परागत विषादीले काम नगर्ने प्राविधिकहरूको निष्कर्ष छ ।

*(रातोपाटी डटकम*

## दाङमा धान खेतीको क्षेत्रफल घट्यो



> *उपलब्ध तथ्यांकअनुसार पछिल्ला वर्षमा कम क्षेत्रफलबाट समेत बढी धान उत्पादन भइरहेको छ । कृषि ज्ञान केन्द्रका अनुसार आर्थिक वर्ष २०७६/७७ मा दाङमा ३५ हजार ४३२ हेक्टबभर क्षेत्रफलमा धान खेती गरिएको थियो । त्यसको अर्को वर्ष क्षेत्रफल बढेर ३७ हजार ९३६ हेक्टर पुगेको थियो । पछिल्लो छ वर्षमा यही वर्ष सबैभन्दा धेरै क्षेत्रफलमा धान खेती भएको हो । त्यसपछि भने धान खेतीको क्षेत्रफल निरन्तर घटबढ भएको छ । आर्थिक वर्ष २०७८/७९ मा ३४ हजार ९१४ हेक्टरमा धान खेती भएकोमा २०७९/८० मा बढेर ३७ हजार १३० हेक्टर पुगेको थियो । २०८०/८१ मा पुनः घटेर ३५ हजार १८४ हेक्टरमा सीमित भएको धान खेतीको क्षेत्रफल २०८१/८२ मा ३४ हजार २३३ हेक्टरमा झरेको छ । यसरी २०७६/७७ को तुलनामा २०८१/८२ मा धान खेती हुने क्षेत्रफल १ हजार १९९ हेक्टरले घटेको छ ।*

**दाङ**, दाङमा धान खेती हुने क्षेत्रफल पछिल्ला वर्षमा घट्दै गएको छ । खेतीयोग्य जमिनमा बस्ती विस्तार, जग्गा प्लटिङ, सिँचाइ अवस्था, श्रमिक अभाव, मौसममा आएको परिवर्तन तथा किसानको अन्य बालीप्रतिको आकर्षणका कारण धान खेतीको क्षेत्रफल घट्दै गएको कृषि ज्ञान केन्द्र दाङको तथ्यांकले देखाएको हो । तर, धान खेतीको क्षेत्रफल घटे पनि उत्पादन र उत्पादकत्व भने बढ्दै गएको छ ।

उपलब्ध तथ्यांकअनुसार पछिल्ला वर्षमा कम क्षेत्रफलबाट समेत बढी धान उत्पादन भइरहेको छ । कृषि ज्ञान केन्द्रका अनुसार आर्थिक वर्ष २०७६/७७ मा दाङमा ३५ हजार ४३२ हेक्टर क्षेत्रफलमा धान खेती गरिएको थियो । त्यसको अर्को वर्ष क्षेत्रफल बढेर ३७ हजार ९३६ हेक्टर पुगेको थियो । पछिल्लो छ वर्षमा यही वर्ष सबैभन्दा धेरै क्षेत्रफलमा धान खेती भएको हो । त्यसपछि भने धान खेतीको क्षेत्रफल निरन्तर घटबढ भएको छ । आर्थिक वर्ष २०७८/७९ मा ३४ हजार ९१४ हेक्टरमा धान खेती भएकोमा २०७९/८० मा बढेर ३७ हजार १३० हेक्टर पुगेको थियो । २०८०/८१ मा पुनः घटेर ३५ हजार १८४ हेक्टरमा सीमित भएको धान खेतीको क्षेत्रफल २०८१/८२ मा ३४ हजार २३३ हेक्टरमा झरेको छ । यसरी २०७६/७७ को तुलनामा २०८१/८२ मा धान खेती हुने क्षेत्रफल १ हजार १९९ हेक्टरले घटेको छ ।

२०७७/७८ को उच्चतम क्षेत्रफलसँग तुलना गर्दा भने पछिल्लो वर्ष ३ हजार ७०३ हेक्टर कम जमिनमा धान खेती भएको छ । कृषि ज्ञान केन्द्रकी सूचना अधिकारी तथा वरिष्ठ कृषि प्रसार अधिकृत आशा भण्डारीका अनुसार खेतीयोग्य जमिनमा बस्ती विस्तार, सिँचाइको अवस्था, मौसम, श्रमिकको उपलब्धता र किसानको अन्य बालीप्रतिको आकर्षणले धान खेतीको क्षेत्रफलमा असर पारेको छ ।

**क्षेत्रफल घट्दा उत्पादन बढ्यो**

धान खेतीको क्षेत्रफल घटे पनि उत्पादन भने त्यसअनुसार घटेको छैन । बरु पछिल्ला वर्षमा उत्पादन बढ्दै गएको तथ्यांकले देखाउँछ । आर्थिक वर्ष २०७६/७७ मा ३५ हजार ४३२ हेक्टरमा धान खेती हुँदा १ लाख ४८ हजार ३३६ मेट्रिक टन उत्पादन भएको थियो । २०७७/७८ मा ३७ हजार ९३६ हेक्टरमा खेती हुँदा उत्पादन १ लाख ५३ हजार ६४० मेट्रिक टन पुगेको थियो ।२०७८/७९ मा क्षेत्रफल घटेर ३४ हजार ९१४ हेक्टरमा आउँदा उत्पादन पनि घटेर १ लाख २९ हजार १०५ मेट्रिक टनमा झरेको थियो । त्यसपछि भने उत्पादनमा निरन्तर सुधार देखिएको छ । २०७९/८० मा ३७ हजार १३० हेक्टरबाट १ लाख ५२ हजार २३३ मेट्रिक टन, २०८०/८१ मा ३५ हजार १८४ हेक्टरबाट १ लाख ५८ हजार ३२८ मेट्रिक टन धान उत्पादन भएको थियो ।आर्थिक वर्ष २०८१/८२ मा धान खेतीको क्षेत्रफल थप घटेर ३४ हजार २३३ हेक्टरमा सीमित भए पनि उत्पादन बढेर १ लाख ६९ हजार ४५३.३६२ मेट्रिक टन पुगेको छ । क्षेत्रफल घट्दा पनि उत्पादन बढ्नुको मुख्य कारण उत्पादकत्वमा भएको सुधार हो । आर्थिक वर्ष २०७६/७७ मा दाङमा धानको उत्पादकत्व प्रतिहेक्टर ४.१९ मेट्रिक टन थियो । २०७७/७८ मा यो घटेर ४.०५ र २०७८/७९ मा ३.७० मेट्रिक टनमा झरेको थियो ।त्यसपछि उत्पादकत्वमा उल्लेख्य सुधार भएको छ । २०७९/८० मा प्रतिहेक्टर ४.१० मेट्रिक टन पुगेको उत्पादकत्व २०८०/८१ मा ४.५० मेट्रिक टन र २०८१/८२ मा ४.९५ मेट्रिक टन पुगेको छ । सूचना अधिकारी भण्डारीका अनुसार उन्नत जातको प्रयोग, गुणस्तरीय बीउ, मलखादको उचित प्रयोग, सिँचाइ सुविधा तथा खेती प्रविधिमा भएको सुधारले उत्पादकत्व बढाउन सहयोग गरेको छ ।

**खेतीयोग्य जमिन संरक्षण चुनौती**

धान खेती हुने क्षेत्रफल निरन्तर घट्दै जानु दीर्घकालीन रूपमा चुनौतीपूर्ण हुन सक्ने कृषि क्षेत्रका जानकार बताउँछन् । विशेषगरी खेतीयोग्य जमिन बस्ती तथा प्लटिङमा परिणत हुँदा कृषि उत्पादनका लागि उपलब्ध जमिन घट्दै जाने जोखिम छ । धान नेपालको खाद्य सुरक्षासँग प्रत्यक्ष जोडिएको प्रमुख बाली भएकाले खेतीयोग्य जमिन संरक्षणसँगै उपलब्ध जमिनको उत्पादकत्व बढाउने नीति आवश्यक रहेको जानकारको भनाइ छ । किसानलाई व्यावसायिक धान खेतीतर्फ आकर्षित गर्न सिँचाइ विस्तार, कृषि यान्त्रीकरण, गुणस्तरीय बीउको उपलब्धता र उत्पादनको बजार सुनिश्चितता आवश्यक देखिन्छ । पछिल्लो ६ वर्षको तथ्यांकले दाङमा धान खेतीको क्षेत्रफलमा उतारचढावसँगै कृषि प्रणालीमा आएको परिवर्तनसमेत देखाएको छ । एकातिर खेतीयोग्य जमिनको उपयोग परिवर्तन भइरहेको छ भने अर्कोतिर किसानले उन्नत तथा हाइब्रिड जातका धान र आधुनिक खेती प्रविधि अपनाउन थालेका छन् ।

क्षेत्रफल घट्दै जाँदा उत्पादन बढाउन उत्पादकत्वमा मात्रै निर्भर रहने अवस्था दीर्घकालीन रूपमा टिकाउ नहुन सक्ने कृषि विज्ञहरूको भनाइ छ । त्यसैले बाँझो तथा खेतीयोग्य जमिनको संरक्षण, सिँचाइ विस्तार, कृषि यान्त्रीकरण, गुणस्तरीय बीउको उपलब्धता र किसानलाई बजारको सुनिश्चितता गर्नुपर्ने देखिन्छ । तीनै तहका सरकारले कृषि क्षेत्रलाई प्राथमिकता दिने बताए पनि खेतीयोग्य जमिन संरक्षण र किसानको आय बढाउने कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको जानकार बताउँछन् ।-*कारोबार दैनिक*

# पाल्पा विकास केन्द्रको साधारणसभा तथा अधिवेशन



**पाल्पा,** भदौ १३/पाल्पा विकास केन्द्रको १६औँ वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशन शनिबार तानसेनमा भएको छ । साधारणसभा तथा अधिवेशनले संस्थाको आगामी कार्यदिशा, गतिविधि र सामाजिक विकासका क्षेत्रमा गर्दै आएका कामलाई थप प्रभावकारी बनाउँदै लैजाने प्रतिवद्धता व्यक्त गरेको छ । कार्यक्रममा संस्थाले पत्रकारिता, सुशासन, स्थानीय विकास, सामाजिक जवाफदेहिता तथा सञ्चारकर्मीको क्षमता विकास, अध्यन अनुसन्धान क्षेत्रमा सञ्चालन गरेका गतिविधिबारे जानकारी गराइएको थियो ।

साधारणसभाका अवसरमा संस्थाका सल्लाहकार तथा वरिष्ठ पत्रकार मेघराज शर्मा र जिल्ला विकास समिति पाल्पाका पूर्व सभापति झपेन्द्र जिसीलाई संस्थालाई जन्माउन, हुर्काउन, संस्थाको गरिमालाई उचाई सम्म ल्याउन महत्वपूर्ण भुमिका खेलेको भन्दै प्रमुख अतिथी लुम्बिनी प्रदेसका पूर्व स्वास्थ्यमन्त्री एवं प्रदेस सांसद खेम बहादुर सारु र संस्थाका अध्यक्ष कृष्ण पोखरेलले फूल टिका, सहित दोसल्ला ओढाएर सम्मानपत्र तथा नगदबाट सम्मान गरेका थिए । कार्यक्रमका प्रमुख अतिथि लुम्बिनी प्रदेशका पूर्व स्वास्थ्यमन्त्री तथा सांसद खेमबहादुर सारूले पाल्पा विकास केन्द्रले पाल्पाको पर्यटन, शिक्षा, स्वास्थ्य तथा स्थानीय तहलाई जवाफदेही बनाउने क्षेत्रमा महत्वपूर्ण काम गर्दै आएको बताए । निवर्तमान स्वास्थ्यमन्त्री सारुले संस्थाले पत्रकार तथा सञ्चारकर्मीको क्षमता विकासका लागि सञ्चालन गरेका कार्यक्रमसमेत प्रभावकारी रहेको बताउँदै आगामी दिनमा अझ परिणाममुखी कार्यक्रम सञ्चालन गर्न सुझाव दिए । प्रदेस सांसद सारुले जिल्ला, प्रदेश हुँदै सिंगो मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा योगदान पुग्ने खालका कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । तानसेन नगरपालिकाका वरिष्ठ अधिकृत दुर्गा थापाले संस्थाले आफ्नो सेवा र कार्यक्षेत्र विस्तार गर्दै लैजानुपर्ने बताए । उनले तानसेन नगरपालिका पाल्पा विकास केन्द्रसँग सहकार्य गरेर काम गर्दै आएको बताए ।तत्कालिन जिल्ला विकास समिति पाल्पाका सभापति झपेन्द्र जिसीले पाल्पा विकास केन्द्रका गतिविधि प्रशंसनीय रहेको बताए । सामाजिक तथा विकासका क्षेत्रमा संस्थाले गर्दै आएका कामलाई निरन्तरता दिदै संस्थालाई मलजल गर्न आफ्नो पनि भुमिका रहेको पूर्व सभापति जि.सी. ले जोड दिए । संस्थाका सल्लाहकार तथा वरिष्ठ पत्रकार मेघराज शर्माले पाल्पाको विकासका लागि पाल्पा विकास केन्द्रले महत्वपूर्ण कार्यक्रम सञ्चालन गरेको बताए । स्थानीय तहलाई सबल बनाउने खालका कार्यक्रम सञ्चालन गर्दै आएको उल्लेख गर्दै बरिष्ट पत्रकार शर्माले संस्थाले पारदर्शी र जवाफदेही ढंगले काम गर्दै आएको बताए । गैरसरकारी संस्था महासंघ पाल्पाका अध्यक्ष यादव शर्माले समाज रूपान्तरणमा गैरसरकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको बताए । पाल्पामा करिब ५०० गैरसरकारी संस्था दर्ता भए पनि ३०० संस्था मात्र नवीकरण भएको जानकारी दिँदै अध्यक्ष शर्माले गैरसरकारी संस्थालाई विकास साझेदारका रूपमा काम गर्ने वातावरण निर्माण गर्न तीनै तहका सरकारसँग आग्रह गरे । नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सिनाले पाल्पा विकास केन्द्रले सञ्चालन गर्दै आएका सञ्चारमाध्यम तथा सञ्चारकर्मीको क्षमता विकाससम्बन्धी कार्यक्रम प्रभावकारी रहेको बताए । संस्थाका कार्यक्रम प्रमुख किरण कौशलले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै पाल्पा विकास केन्द्रले पत्रकारिता, सुशासनलगायतका क्षेत्रमा गरेका कामहरुको जानकारी दिए । निर्वाचनमा हुने खर्च र खर्च हुने क्षेत्रको अध्ययन, सामाजिक परीक्षण, भिडियो डकुमेन्ट्री तथा पुस्तक प्रकाशनमार्फत विकास निर्माणका गतिविधि नागरिकसमक्ष पुर्‍याउने कामसमेत संस्थाले गर्दै आएको संस्थाका कार्यक्रम प्रमुख कौशलले जानकारी दिए । कार्यक्रममा संस्थाकी कोषाध्यक्ष बसन्ती ढकालले ३७ लाख रुपैयाँभन्दा बढीको आय-व्यय विवरण प्रस्तुत गरेकी थिईन । संस्थाका अध्यक्ष कृष्ण पोखरेलको अध्यक्षतामा भएको कार्यक्रम केन्द्रका उपाध्यक्ष कृष्ण गहतराजले स्वागत संचालन सचिव विनोद नेपालले गरेका थिए ।

**अध्यक्षमा पुन पोखरेल**

साधारणसभा तथा अधिवेशनले कृष्ण पोखरेलको अध्यक्षतामा ३ बर्षे नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ । निर्वाचन अधिकृत बाबुराम कार्कीका अनुसार उपाध्यक्षमा कृष्ण गहतराज, सचिवमा विनोद भारती र कोषाध्यक्षमा बसन्ती ढकाल निर्वाचित भएका छन् । त्यसैगरी सदस्यहरूमा विश्वराज भट्टराई, किशोर भट्टराई, अम्बिका बस्याल र किरण कौशल निर्वाचित भएका छन् ।

**'दृष्टि पात्रो 'अनलाइनको शुभारम्भ**

यसैबीच, साधारणसभामा 'दृष्टि पात्रो' अनलाइनको शुभारम्भ गरिएको छ । अनलाईनको पूर्व स्वास्थ्यमन्त्री एवं प्रदेस सांसद खेम बहादुर सारुले बरिष्ट पत्रकार मेघराज शर्मा, पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाको उपस्थितीमा दृष्टि पात्रो अनलाईन क्लिक गरी शुभारम्भ भएको हो । कार्यक्रममा अनलाईनका सम्पादक भविन्द्र गौतमले डिजिटल अनलाइन पत्रकारीताको माध्यमबाट समाजमा सत्य, तथ्य, निष्पक्ष, बतुनिष्ट भएर जनतामाझ सूचना प्रभाव गर्ने प्रतिवद्धता जनाए ।

## पाल्पाका नेवारी...

...जात्रामा आफन्त, इष्टमित्र तथा साथीभाइको समेत सहभागिता रहने गरेको छ । आर्थिक अवस्था कमजोर भएका परिवारले भने परम्परागत रूपमा छोराहरूलाई जोगीको रूप धारण गराई भिक्षा माग्न लगाउने गरेका छन् । कतिपयले वास्तविक गाईलाई डोर्‍याएर जात्रामा सहभागी गराएका छन् भने कतिपयले कपडाबाट गाई, बाँस तथा तामचा बनाएर प्रदर्शन गर्ने गरेका छन् ।यसले गाईजात्राको मौलिकता र परम्परागत संस्कृतिलाई जीवित राख्न योगदान पुर्‍याएको स्थानीय बताउँछन् । तर पछिल्ला वर्षमा मानिसको बसाइँसराइ, बदलिँदो जीवनशैली, बढ्दो खर्च तथा विभिन्न कारणले तानसेनमा गाईजात्राको पुरानो चहलपहल र रौनकमा कमी आउन थालेको छ । तानसेनबाट नेवारी समुदायको बसाइँसराइ बढ्दै जाँदा परम्परागत कला, संस्कृति र जात्रा संरक्षणमा समेत चुनौती थपिएको छ । गाईजात्राको मौलिकता जोगाउन तथा बढ्दो खर्चलाई व्यवस्थित गर्न यस वर्ष नेवा गुठी तानसेन, पाल्पाले सामूहिक रूपमा गाईजात्रा निकालेको छ । नेवारी समुदायको परम्परा र संस्कृति संरक्षणसँगै सबैलाई सहभागी गराउने उद्देश्यले सामूहिक रूपमा जात्रा निकालिएको नेवा गुठी तानसेनका अध्यक्ष प्रकाशनाथ गंगोलले बताए । तानसेनमा निकालिने विभिन्न जात्रा पाल्पा दरबारसम्म पुर्‍याउने पुरानो परम्परा पनि छ । तत्कालीन समयमा पाल्पा दरबार पश्चिम क्षेत्रको प्रमुख प्रशासनिक केन्द्र रहेकाले तानसेनबाट निकालिने विभिन्न जात्रा दरबारसम्म पुर्‍याउने चलन बसेको स्थानीय संस्कृतिविद्हरू बताउँछन् । गाईजात्रा लिएर दरबार क्षेत्रमा पुगेका सहभागीलाई स्थानीय तथा सर्वसाधारणले मिठाई, पानी, फलफूल तथा दूध खुवाएर स्वागत गरेका थिए ।

## खेलकुद समाचार

### नेपाल एक विकेटले पराजित



**काठमाण्डौं,** भदौ १३/ अस्ट्रेलियामा चलिरहेको टप इन्ड टी-२० शृङ्खलाको अन्तिम खेलमा नेपाल 'ए' भिक्टोरिया एकेडेमीसँग एक विकेटले पराजित भएको छ । यससँगै नेपाल 'ए'ले दुई जित र चार हारसहित तालिकाको सातौं स्थानमा रहँदै शृङ्खला टुङ्ग्याएको छ । नेपाल 'ए'ले दिएको १४३ रनको लक्ष्य भिक्टोरियाले अन्तिम ओभरको अन्तिम बलमा नौ विकेट गुमाएर पूरा गरेको हो । भिक्टोरियाको जीतमा ह्यारी होक्स्ट्राले अविजित ३५, टम रोजर्सले ३६ र ह्यारी डिक्सनले ३० रन बनाए । नेपालका युवराज खत्री र कुशल भुर्तेलले तीन/तीन तथा आकाश चन्दले एक विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको नेपाल 'ए'ले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १४२ रन बनाएको थियो । कुशल भुर्तेलले अविजित ७० रन बनाए भने दीपक डुम्रेले १६ रन जोडे । यसअघि नर्दन टेरिटोरी स्टाइक, बङ्गलादेश हाइ प्रफर्मेन्स टोली र किंग्समेन एकेडेमीसँग पराजित नेपालले होबर्ट हुरिक्यास एकेडेमी र अस्ट्रेलिया क्यापिटल टेरिटोरीलाई हराएको थियो ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## आज रोपाइँ ...

...रोपाइँ जात्राको अर्को महत्वपूर्ण पक्ष कृषि र प्रकृतिप्रतिको सम्मान पनि हो । धान नेपाली समाजको प्रमुख खाद्यान्न तथा कृषि उत्पादन भएकाले धान रोपाइँसँग सम्बन्धित परम्पराले किसानको जीवनशैली, माटोसँगको सम्बन्धलाई प्रतिबिम्बित गर्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक नायरनम्तलेस गा.वि.स.-२, करङ्गा हाल तानसेन नगरपालिका-९ दमकडा निवासी भारतिय भू.पू.सैनिक नं. 5448592 P का TS/NK हुम बहादुर थापा (ना.प्र.मा हुम वहादुर दर्लामी) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा हिरा कुमारी थापा र जन्म मिति सन् १९५९ नोभेम्वर ३० (वि.स.२०१६/०८/१५) र नेपाली नागरिकता प्रमाणपत्रमा हिरा कुमारी दर्लामी, जन्म मिति वि.स. २०१९/०६/०५ (सन् १९६२ सेप्टेम्वर २१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना




सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक झडेवा गा.वि.स.-२, देउगीर हाल तानसेन नगरपालिका-९ दमकडा निवासी भारतिय भू.पू.सैनिक नं. 5448295 F का TS/NK धन बहादुर थापा (ना.प्र.मा धन बहादुर सारु) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा छविसरा थापा र जन्म मिति सन् १९६६ जुन १२ (वि.स.२०२३/०२/३०) र नेपाली नागरिकता प्रमाणपत्रमा छविसरा सारु, जन्म मिति वि.स. २०१९/०३/०७ (सन् १९६२ जुन २१) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक खानीछाप गा.वि.स.-१, हाल तानसेन नगरपालिका-९ दमकडा निवासी भारतिय भू.पू.सैनिक नं. 5040990 N का NK दल बहादुर रझाली मगर (ना.प्र.मा दल बहादुर रझाली) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा नरीसरा र जन्म मिति सन् १९६२ मार्च १५ (वि.स.२०१८/१२/०२) र नेपाली नागरिकता प्रमाणपत्रमा नरी सरा रझाली, जन्म मिति वि.स. २०१९/१२/०१ (सन् १९६३ मार्च १४) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिर्तुङ्गधारा गा.वि.स.-९,हाल तानसेन नगरपालिका-९ दमकडा निवासी भारतिय भू.पू.सैनिक नं. 5450721 H का TS/NK मित्र बहादुर थापा(ना.प्र.मा मित्र वहादुर सिंजाली) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा रेखा कुमारी थापा र जन्म मिति सन् १९७३ जनवरी ७ (वि.स.२०२९/०९/२४) र नेपाली नागरिकता प्रमाणपत्रमा रेखा कुमारी सिंजाली, जन्म मिति वि.स. २०२९/०८/२३ (सन् १९७२ डिसेम्वर ८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक पिपलडाँडा गा.वि.स.-३ अगाखोला,(तानसेन-३), हाल तानसेन नगरपालिका-६ लहरेपिपल निवासी भारतिय भू.पू.सैनिक नं. 5244266 L का TS/NK लाल बहादुर थापा(ना.प्र.मा लाल बहादुर रायमाझी भन्ने लाल बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा शिव कुमारी थापा (Shiv Kumari Thapa) र जन्म मिति सन् १९६१ अक्टुवर १५ (वि.स.२०१८/०६/२९) र नेपाली नागरिकता प्रमाणपत्रमा शिव कुमारी रायमाझी भन्ने शिव कुमारी थापा (Shiva kumari rayamajhi Alias Shiva kumari thapa), जन्म मिति वि.स. २०१८/११/२५ (सन् १९६२ मार्च ८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई